# फोहर मैलाव्यवस्थापनका लागि प्रस्ताव आह्वान सम्वन्धी सुचना

ईश्वरपुर नगरपालिकाको क्षेत्रभित्र उत्पादन हुने फोहोरमैला व्यवस्थापनको कार्य देहायको शर्त बन्देजको अधिनमा रहि सार्वजनिक नीजि साझेदारीमा गर्नु पर्ने भएकोले उक्त कार्य गर्न ईच्छुक फर्म, संस्था वा कम्पनीले यस कार्यालयमा प्रस्ताव पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

**शर्त बन्देज**

१. प्रस्तावसँगसँगै फर्म, संस्था वा कम्पनी दर्ता तथा नविकरणको प्रमाणपत्रको छायाँप्रति, सञ्चालकहरुको नागरिकताको प्रमाणपत्रको छायाँप्रति, स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धी कर दर्ता भएको प्रमाणपत्र तथा नियमावलीको छायाँप्रती, फर्म वा संस्थाको विधान, कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको छायाँप्रती आदी संलग्न हुनु पर्नेछ ।

२. आर्थिक वर्ष २०७८/७९ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति ।

३. फोहोरमैला हरेक हप्ता ५ दिन (बुधवार र शनिबार बाहेक) वडा नं. ६ र ७ को बजारक्षेत्रमा र बाकी २ दिन बुधवार र शनिवार अन्य वडाहरुमा रहेका बजार, चोक, विद्यालय तथा स्वास्थ्य केन्द्रमा सङ्कलन भएका फोहरमैला विसर्जन गर्नु पर्नेछ ।

४. सङ्कलित फोहरमैलालाई कुहिने, नकुहिने (पुनःप्रयोग गर्न सकिने) र नकुहिने (पुनःप्रयोग गर्न नसकिने ) गरि छुट्याई :

(क) कुहिने फोहोरमैलालाई तत्काल प्रांगारिक मल बनाई व्यावसायिक रुपमा नै बिक्रि वितरण गर्न सक्ने र दीर्घकालीन रुपमा प्रांगारिक मल बनाउन सिकाइ प्रयोगमा ल्याउन अभिप्रेरित गरी घरबाटै कुहिने फोहोरमैला ननिस्कने वातावरण बनाउने कुरा उल्लेख गरिएको हुनु पर्नेछ ।

(ख) नकुहिने (पुनःप्रयोग गर्न सकिने) फोहोरहरू बिक्री वितरण गर्न सक्ने र दीर्घकालीन रूपमा घरघरमै छुट्याई नकुहिने (पुनःप्रयोग गर्न सकिने) फोहोर, सम्बन्धित घरबाट खरिद गरि सङ्कलन गर्ने र त्यसलाई एकमुष्ट रुपमा बिक्री वितरण गरी व्यवसायिक रुपमै आम्दानी गर्न सक्ने कुरा उल्लेख गरिएको हुनु पर्नेछ ।

(ग) नकुहिने (पुनःप्रयोग गर्न नसकिने) फोहोरहरुलाई नगरपालिकाले तोकेको क्षेत्र वा प्रस्तावकले प्रस्ताव गरी स्वीकृत दिएको क्षेत्रमा समेत वातावरण मा कुनै असर नपर्ने गरि ब्यबस्थापन गर्न सक्ने कुरा उल्लेख भएको हुनु पर्नेछ ।

५. फोहोर व्यवस्थापन गर्न आवश्यक पर्ने न्यूनतम पूर्वाधार तयार गर्न, जनचेतना जगाउन, तालिम संचालन गर्न र अन्य आवश्यक कार्य गर्न नगरपालिकाले एकमुस्ट वा किस्ताबन्दीमा केहि आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

६. प्रस्तावकले फोहोर व्यबस्थापन गर्दा बिक्री वितरणबाट गरेको आम्दानी नगरपालिका र प्रस्तावक बीच हुने सम्झौताबमोजिम राजस्व नगरपालिकालाई बुझाउनु पर्नेछ ।

७. फोहोर मैला व्यवस्थापन वापत घर, पसल र प्रतिष्ठान धनीले व्यहोर्नु पर्ने फोहोर मैला व्यवस्थापन शुल्क प्रस्तावमा उल्लेख हुनु पर्नेछ ।

८. प्रस्ताव कार्यान्वयनको अवधि ५ (पाँच) वर्षको हुनेछ । शुरुमा १ (एक) बर्ष परिक्षणकाल हुनेछ । त्यसपछि पनि नगरपालिकालाई उपयुक्त लागेमा आवश्यकता अनुसारको म्याद थप गर्दै जान सक्नेछ ।

९. फोहर सङ्कलन केन्द्र सम्म जाने पुर्वाधार एवं आवश्यक अन्य निर्माण, मर्मत सम्भार नगरपालिकाले गर्नु पर्ने तर फोहोरमैला सङ्कलन केन्द्र भित्र आवश्यक्ता अनुसारको संरचना निर्माण एवं मर्मत सम्भार प्रस्तावकले गर्नु पर्नेछ ।

१०. फोहोरमैला व्यवस्थापनको सन्दर्भमा कुनै समस्या वा विवाद उत्पन्न भएमा प्रस्तावक र नगरपालिका छुट्टा छुट्टै वा संयुक्त रुपमा मिलेर समाधान गर्ने ब्यहोरा उल्लेख भएको हुनु पर्नेछ ।

११. फोहर सङ्कलन तथा प्रशोधन केन्द्र नगरपालिकाले तोकेको वा स्वीकृती दिएको क्षेत्र बाहेक अन्यत्र क्षेत्रमा गर्न पाईने छैन । तर प्रस्तावक आफैले जग्गा व्यवस्थापन गरी पायक पर्ने स्थानमा फोहरमैला सङ्कलन तथा प्रशोधन गर्न चाहेमा नगरपालिकाको स्वीकृती लिइ गर्न सक्ने र त्यसरी प्रयोग गरेबाट भविष्यमा आउन सक्ने समस्याको जवाफदेही प्रस्तावक स्वंय नै हुने कुरा समेत उल्लेख भएको हुनु पर्नेछ ।

१२. उल्लेखित बमोजिमका प्रावधानका अतिरिक्त नगरपालिका क्षेत्रभित्र थप रोजगार सिर्जना गर्न सक्ने, व्यवसायिकता हासिल गर्न सक्ने, स्थानीय तहमै काम गरिरहेका र वातावरण क्षेत्रमा विशेष कार्य गरि अनुभव प्राप्त गरेका प्रस्तावकलाई विशेष प्राथमिकता दिन सकिनेछ ।

१३. यो सुचना प्रकाशित भएको मितिले ३०(तिस) दिनभित्र कार्यालय समयसम्ममा प्रस्ताव दर्ता गरी सक्नु पर्नेछ ।

१४. म्याद भित्र दर्ता भएका प्रस्तावहरु ३१ औं दिन दिनको १०:३० कार्यालयमा खोलिनेछ ।

१५. प्रस्ताव दर्ता गर्न अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सोको भोलीपल्ट हुनेछ । प्रस्तावक वा निजको प्रतिनिधि अनुपस्थित भएपनि प्रस्ताव खोल्न कुनै वाधा पर्ने छैन ।

१६. यस सुचनामा उल्लेख नभएको अन्य कुराको हकमा थप कुरा बुझ्नु परेमा यस कार्यालयको वातावरण तथा विपद् शाखामा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

१७. कुनैपनि प्रस्ताव विना कारण स्वीकृत वा अस्वीकृत गर्ने अधिकार ईश्वरपुर नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।